नेपाल सरकार

शिक्षा मन्त्रालय

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

प.सं. : ०६९/०७०

च.नं. :

मिति :२०६९।१२।०५

## प्रेस विज्ञप्ती

२०६९ साल चैत १ गतेदेखि सञ्चालित यस वर्षको परीक्षाको चैत ५ गतेको अनिवार्य विज्ञान विषयको परीक्षा नियमित, मर्यादित र अनुशासित रूपमा सम्पन्न भएको छ । केही परीक्षा केन्द्रमा परीक्षाको मर्यादा विपरीत कार्य गर्ने परीक्षार्थीलाई कारवाही गरिएको छ । कास्की जिल्लाको झाझरमारे परीक्षा केन्द्रबाट एकजना परीक्षार्थी निष्काशन गरिएको, हेम्जाको परीक्षा केन्द्रबाट उत्तरपुस्तिका नबुझाइकन जाने परीक्षार्थीलाई नियन्त्रणमा लिई सबै विषयको परीक्षा रद्द गरिएको, सल्यानको भोटेचौर र शङ्खमुल केन्द्रबाट १८ जना, पर्सामा ३ जना, रौतहटमा ७ जना, पर्वत देवीस्थान केन्द्रबाट २ जना, खानीगाउँ केन्द्रबाट २ जना, सिरहा जिल्लामा १२ जना, धनकुटाको जनकल्याण मा.वि. केन्द्रबाट २ जना परीक्षार्थी निष्काशन भएका छन् भने सिरहाको ज.उ.मा.वि बाट ३ जना निरीक्षक र १ जना सहयोगी, माउण्ट एभरेष्टबाट १ जना निरीक्षक निष्काशन भएका छन् । सर्लाहीको मूर्तिया केन्द्र र हरिपुर केन्द्रबाट एक एकजना नक्कली परीक्षार्थी पक्राउ परेका छन् । हालसम्म प्राप्त विवरण अनुसार परीक्षामा अन्य घटनाका सम्बन्धमा सूचना प्राप्त भएको छैन । परीक्षा मर्यादित रूपमा सञ्चालन भएको छ । परीक्षाको मर्यादा कायम राख्न सहयोग गर्ने परीक्षा केन्द्रका केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सहयोगी, सुरक्षाकर्मी, माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समन्वय समिति, केन्द्रदेखि स्थानीय तहसम्मका सुरक्षा निकाय, अभिभावक, शिक्षक, विद्यार्थी, आम सञ्चारका माध्यम, राष्ट्रसेवक कर्मचारी सबैमा परीक्षा नियन्त्रण कार्यालय हार्दिक आभार व्यक्त गर्नुका साथै बाँकी परीक्षाका दिनमा समेत यस्तै सहयोग प्राप्त हुने अपेक्षा गर्दछ ।

**खगराज बराल**

**नियन्त्रक**



फोन नं. ०१-६६३११४६, ०१-६६३०८१९, ०१-६६३०७३९, ०१-६६३००७०
फ्याक्स नं. ०१-६६३११४६,
वेभसाइट : www.soce.gov.np इमेल : infor@soce.gov.np
Audio Notice Board Service: 1618-01-6631146